नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)
धनगढी, कैलाली

०९१-५२११०१ ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi

प.सं. ०८२।८३

जेन-जी (Gen-Z) आन्दोलनका घाइतेहरुलाई परिचय-पत्र र भैपरी खर्च वितरण सम्वन्धी सूचना

यहि भाद्र २३ र २४ गतेको विरोध प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिहरुलाई परिचय-पत्र वितरण गरिने भनी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०६/१२ निर्णय भए अनुसार गृह मन्त्रालयको website (moha.gov.np) मा नामावली प्रकाशित गरेको व्यहोरा अवगत नै छ।

सोही सम्वन्धमा उक्त सूचीमा उल्लेख भए अनुसारको घाईतेको नाम, ठेगाना र उपचार भएको अस्पताल लगायतका सवै व्यहोराहरु भिडान भएका यस जिल्ला स्थित स्थायी ठेगाना हुनहुने सम्वन्धित घाईतेहरुलाई उक्त सुचीमा उल्लेख भएका घाईतेहरुलाई तसिपलका कागजात/प्रमाणका आधारमा घाईते परिचय-पत्र र खर्च वाफत रु.२०,०००।- (अक्षरेपी बीस हजार) उपलब्ध गराउन लागिएको सम्वन्धितलाई यस कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

तत् सम्वन्धमा उल्लेखित विवरणहरुमा कुनै द्विविधा भएमा सम्वन्धित निकायमा वुझि सहजीकरण गरिने नै छ। स्थायी ठेगाना तथा सम्पर्क नम्बर समेत उल्लेख नभएको कारण निर्देशन भए वमोजिम समयमै परिचय-पत्र र खर्च रकम वितरण गर्ने कार्यमा कठिनाई उत्पन्न भएकोले देखिएको सम्वन्धमा सम्वन्धित स्थानीयतबाट समेत आवश्यक सहजिकरणका लागि निर्देशानुसार अनुरोध छ।

पेश गर्नुपर्ने कागजातहरु

१. निवेदन
२. सम्वन्धित स्थानीय तहको सिफारिश
३. प्रदर्शनका क्रममा घाईते भई अस्पतालमा उपचार गराएको विरामी टिकट/पूर्जी/डिस्चार्ज कागजात।
४. घाईतेको नाममा रहेको वैंकको नाम र खाता नं. (सकभर वैकको नाम समेत खुलेको चेकको छाँयाप्रति)
५. नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचय पत्रको छाँयाप्रति (सक्कल समेत)
६. हालसालै खिचिएको अटो साईजको फोटो दुई थान

नोटः- क) सम्वन्धित घाईते स्वयम् उपस्थित हुन अनुरोध छ।
ख) उक्त सूचीमा उल्लेख भए वमोजिम घाईतेको नाम र उपचार ग रेको भनिएको स्वास्थ्य संस्थाको नाम भिडे/नभिडेको व्यहोरा समेत राम्रोसँग रुजु गर्नु हुनका साथै आवश्यक सहजताको लागि यस कार्यालयमा आउनुपूर्व वा सो विषयमा अन्य थप जानकारी आवश्यक भएमा समेत ९८५८४२११०८ वा ९८५१०७३५२९ नं. मा सम्पर्क राख्नु हुन समेत अनुरोध छ।

मितिः २०८२।०६।३०
ने.स.:- ११४५

०८२/६/३०
शिवराज जोशी
प्रशासकीय अधिकृत